MAKAWANPURGADHI RURAL MUNICIPALITY

**OFFICE OF THE MUNICIPAL EXECUTIVE**

Makranchuli, Makawanpur, Bagmati Province

# BIDDING DOCUMENT

नदिजन्य सामग्रीको संकलन तथा उत्खनन ठेक्कामा दिने सम्वन्धी सूचना

(ढुंगा, वालुवा, गिट्टी , ग्राभेल, आदि)

ठेक्का नं. 01/MGRM/NCB/GOODS/2079/080

नदि तथा खोलाको नाम :**सामरी खोला र कार्की खोलाको ढुंगा,गिट्टी,बालुवा,ग्राभेल बिक्रि कर संकलन**

**Issued By :**

MAKAWANPURGADHI RURAL MUNICIPALITY

Office of Municipal Executive

Bagmati Province

Makranchuli, Makawanpur.

मकवानपुरगढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
मक्रान्चुली,मकवानपुर
बागमती, प्रदेश

## ढुंगा, गिट्टी, बालुवा, ग्राभेल कर उठाउने ठेक्का (E-Bidding) सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९।०६।१७)

यस गाउँपालिकावाट आर्थिक वर्ष २०७९।०८० का लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (घ) को उपदफा २ र सोहि ऐनको परिच्छेद ९ को दफा ६२(क) को उपदफा (१) अनुसार यस गाउँपालिका क्षेत्रभित्र भएर बग्ने IEE गरेका र घाटगद्दी तोकिएका नदि खोलाहरुमा ढुंगा गिट्टी, बालुवा, ग्राभेल आदि कूल संकलन देहाय बमोजिम घनफिट. मात्र बिक्रिमा प्रति घन फिट रु.९।०० (भ्याट बाहेक) का दरले कर दस्तुर रकम संकलन गर्न ठेक्का गर्नुपर्ने भएकोले ठेक्का लिन इच्छुक फर्म वा कम्पनीहरुवाट E-Bidding मार्फत बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । साथै टेण्डर खरिद गर्दा मकवानपुरगढी गाउँपालिकाको नाममा नविल बैंकमा रहेको ग.१-१ आन्तरिक राजश्व खाता नं 22101017500055 मा देहायको टेण्डर दस्तुर वापतको रकम दाखिला गरी अन्य सूचना तथा शर्तहरुको विस्तृत जानकारीका लागि वेबसाइट www.bolpatra.gov.np/epg मा गई Tender document हेर्न तथा डाउनलोड गर्न सकिनेछ ।

ढुंगा, गिट्टी, बालुवा, ग्राभेल बिक्रि कर संकलन ठेक्का अवधी ठेक्का सम्झौता भई सम्झौता गरेको मितिले २०८० (जेष्ठ मसान्त) सम्मको लागि

तपसील

| ठेक्का नं. | नदि/खोलाको विवरण | कूल घन फिट | न्यूनतम ठेक्का अंक रु. मा (कर बाहेक) | टेण्डर फाराम दस्तुर |
|---|---|---|---|---|
| 01/MGRM/NCB/GOODS/2079/080 | सामरी खोला र कार्की खोला | ९५९२८१३।२७८ | रु.८६३३५३१९।५० | रु.५०००।०० |

मकवानपुरगढी गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

मक्रान्चुली,मकवानपुर

बागमती, प्रदेश

**शर्तहरुः**

१. गाउँपालिकावाट गरिएको वातावरणिय प्रभाव र मूल्यॉकन (IEE) मा तोकिएको घाटगद्दि स्थलहरुमा मात्र नदिजन्य पदार्थ संकलन/उत्खनन गर्नु पर्नेछ ।

२. यो सूचना प्रकाशित भए बमोजिम खरिद भएका बोलपत्रहरु २०७९।०७।१६ गते १२:०० बजे भित्र दाखिला गरिसक्नुपर्नेछ र सोही दिन ४:०० बजे बोलपत्र खोलिनेछ ।

३. ठेक्का लिन ईच्छुक व्यक्तिले कबोल अंकको ५ प्रतिशतले हुन आउने धरौटी रकम जम्मा गर्नुपर्नेछ । धरौटी वापतको रकम यस मकवानपुरगढी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयको नाममा नविल बैंकमा रहेको ग.३ स्थानियतह धरौटी खाता नं. 22101017500037 मा नगदै जम्मा वा नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको १२० (एकसय बीस) दिन म्याद भएको बिडवन्डको सक्कल प्रति संलग्न गर्नुपर्नेछ ।

४. कबोल रकम अंक र अक्षरमा प्रष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

५. बोलपत्र दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट तोकिएकै समयमा बोलपत्र दाखिला गर्न सकिनेछ ।

६. रितपूर्वक दाखिला भएका बोलपत्रहरु मध्ये घटी वा बढी वालाको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने वा सूचना संशोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ साथै कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुनेछैन ।

७. ठेक्का कबोल अंकको रकम ठेकेदारले ३ (तीन) किस्ता गरी बुझाउनु पर्नेछ । पहिला किस्ता सम्झौताको समयमा - कबोल अंकको ५० प्रतिशत, दोश्रो किस्ता पुष मसान्तसम्म - कबोल अंकको ३० प्रतिशत र अन्तिम किस्ता चैत्र मसान्तसम्म - कबोल अंकको २० प्रतिशत बुझाई सक्नुपर्नेछ । किस्तावन्दीमा रकम बुझाउने सम्झौता गरेमा पहिलो किस्ता नगदै र बाँकी किस्ताको हकमा नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त बाणिज्य बैंकको सम्झौता अवधिसम्मको परफरमेन्स वण्ड बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

८. ठेक्का कवोल गर्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीले थप १३ प्रतिशत मूल्य अभिवृद्धि कर संकलन गर्नुपर्नेछ । यसरी संकलित रकम ठेकेदार आफैंले आन्तरिक राजश्व कार्यालयमा बुझाई सोको प्रमाण गाउँकार्यपालिकाको कार्यालयलाई उपलव्ध गराउनु पर्नेछ । उक्त प्रमाण गाउँकार्यपालिकाको कार्यालयलाई उपलव्ध नगराएमा नियमानुसार कारवाही अगाडि बढाईनेछ ।

९. ठेकेदारले नेपाल सरकार तथा गाउँकार्यपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशनको पालना गर्नुपर्नेछ । कार्यालय र ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा गाउँकार्यपालिकाको कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ ।

१०. ठेकेदारले सम्झौता पत्रमा तोकिएका वस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा कर संकलन गर्नुपर्नेछ । सो भन्दा बढी मालवस्तु वा दररेटमा उठाउन पाईने छैन । पट्टा पूर्जिमा तोकिएको दर तथा तोकिएको सामग्री भन्दा फरक हुनेगरी कर संकलन गरेमा नियमानुसार कारवाही गरिनेछ ।

११. प्रचलित नियमानुसार कालोसूचीमा परेका र गाउँकार्यपालिकाको कार्यालयलाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

नगरी प्रयोग गरिएका रसिदहरुवाट कूनै समस्या आइपरेमा गाउँकार्यपालिकाको कार्यालय जवाफदेही हुनेछैन ।

१३. अदालतको आदेश/फैशलावाट मिनाहा दिने सम्वन्धमा कुनै निर्णय गरेको अवस्था बाहेक ठेकेदारले ठेक्का सम्झौता पछि गाउँकार्यपालिकाको कार्यालयलाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनाहाको लागि दाबी गर्न पाईने छैन र सम्झौतामा तोकिएको समयमा किस्ता रकम बुझाउनुपर्नेछ ।

१४. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट राखी कर उठाउन पाईनेछैन ।

१५. ठेकेदारले गाउँपालिकाको राजश्व संकलन गर्न बस्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्नेछ र राजश्व सकंलन गर्ने कर्मचारीलाई परिचयपत्र लगाएर मात्र संकलन कार्य गराउनु पर्नेछ ।

१६. ठेकेदारले ठेक्का सञ्चालन गर्दा कुनै विवाद उत्पन्न भएमा सो विवाद सरकारी राजश्व संकलन गर्न गाउँपालिकाको सरकारी प्रतिनिधिका हैसियतले आफै मिलाउनु पर्नेछ ।

१७. गाउँपालिकासँग ठेक्का सम्झौता गरेका ठेकेदारले चुरे संरक्षित र IEE नभएको स्थानवाट ढुंगा, गिट्टी, बालुवा र ग्राभेल संकलन तथा उत्खनन गरेको देखेमा सो ढुवानी साधनलाई नजिकको प्रशासनिक निकाय (सुरक्षा तथा वन कार्यालय) हरुको सहयोग लिई आवश्यक कारवाही गर्नुपर्नेछ । साथै त्यस्तो अवैधानिक कार्यमा रोक लगाउन सहयोग गर्नु सवैको कर्तव्य हुनेछ ।

१८. ढुंगा, गिट्टी, बालुवा र ग्राभेल उत्खनन गर्ने घाटगद्दी स्थलसम्म जान आउन आवश्यक पर्ने बाटो बनाउन तथा बाटो मर्मत गर्नुपर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फवाट गर्नुपर्नेछ । ढुंगा, गिट्टी, बालुवा र ग्राभेल लिन कुनै व्यक्ति वा निकायको निजी जग्गा वा वनक्षेत्र भित्र जानुपर्ने भएमा सम्वन्धित व्यक्ति वा निकायको स्वीकृति लिएर गर्नु परेमा स्वयं ठेकेदारले लिनुपर्नेछ ।

१९. नदिको किनारावाट भूक्षय हुने गरी डिल, भिर, भित्तो खनन् खोरस गरी ढुंगा, गिट्टी, बालुवा र ग्राभेल निकाल्न रोक लगाउनु पर्नेछ । त्यसरी निकालेको पाइएमा उक्त कार्य गर्ने ढुवानी साधनहरुलाइ सम्वन्धित निकायमा आवश्यक कारवाहीका लागि ठेकेदारले पहल गर्नुपर्नेछ ।

२०. राजमार्ग र पुलको उत्तर दक्षिण ५०० मिटर भित्र ढुंगा, गिट्टी, बालुवा र ग्राभेल आदि निकाल्न पाईनेछैन ।

२१. नदि खोलाको घाट वा आकृति बिग्रने गरी नदि किनारमा प्राकृतिक तवरले रहेका ढुंगा तोड्न वा फोड्न पाईने छैन । साथै, ढुंगा, गिट्टी, बालुवा र ग्राभेल झिक्न मेसिनरी औजारको पूर्णरुपले बन्देज लगाइनेछ । कोही कसैले मेसिन प्रयोग गरेको पाइएमा आवश्यक कारवाहीका लागि प्रशासनिक निकायमा पठाउनु पर्नेछ । सो को जानकारी गाउँपालिकालाई दिनुपर्नेछ ।

२२. ठेकेदारले भिजेको चिसो बालुवावाट पानी बगी सडक बिगार्ने भएकोले चिसो बालुवा ढुवानीमा रोक लगाउनु पर्नेछ । ढुंगा, गिट्टी, बालुवा र ग्राभेल छोपेर मात्र ढुवानी गर्ने प्रवन्ध मिलाउनु पर्नेछ ।

२३. ठेकेदारले घाट क्षेत्रमा फोहर मैलाको उचित व्यवस्थापन गर्नुपर्नेछ साथै ठेकेदारले वस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुनेगरी ढुवानी कार्य गर्न लगाउनु पर्नेछ ।

२४. ठेकेदारले कामदारका लागि प्राथमिक उपचार लगायतका साथै माक्स, हेल्मेट आदिको व्यवस्था मिलाउन ढुवानीका साधनहरुलाई जानकारी गराउनुपर्नेछ ।

२५. ठेकेदारले पाक्षिक (१५/१५ दिनमा) रुपमा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी गाउँकार्यपालिकाको कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

२६. घाटगद्दी क्षेत्र बाहेक अन्यत्र तथा गिट्टी बालुवा, ग्राभेल संकलन गरी सडक तथा सार्वजनिक स्थलमा जम्मा गर्न पूर्ण रुपमा बन्देज लगाईएको छ ।

२७. ठेकेदारले प्रारम्भिक वातावरणिय परीक्षण (IEE) प्रतिवेदनमा दिएका राय सुझावहरु सम्वन्धित सरोकारवाला सबैलाई आफ्नै तर्फवाट जानकारी गराई सोको पालना गर्न लगाउनु पर्नेछ । यस कार्यमा लाग्ने आर्थिक व्ययभार ठेकेदारले स्वयम व्यहोर्नु पर्नेछ ।

२८. ठेकेदारले नदिजन्य पदार्थ संकलन तथा उत्खनन हुने घाटगद्दी स्थल सम्वन्धी खर्चहरु स्वयम् आफैले व्यहोर्नु पर्नेछ र कर संकलन गर्ने दर प्रति घनफिट कर बाहेक रु.९।०० (अक्षरुपी नौ रुपैयाँ मात्र) हुनेछ । उक्त रकममा मू.अ. कर थप गरी कर संकलन गर्नु पर्नेछ । मू.अ. कर बाहेकका अन्य कर तथा दस्तुर तिर्नु पर्ने भए पनि ठेकेदारले स्वयम्ले तिर्नु पर्नेछ ।

२९. बिहान सूर्योदय भन्दा अगाडी र साझ सूर्यास्त भन्दा पछि ढुवानीका साधनहरुले घाटगद्दी स्थलमा प्रवेश गर्न पाइने छैन । यसरी नियम विपरित गएका ढुवानी साधनहरुलाई कानून बमोजिम कारवाही हुनेछ ।

३०. नेपाल सरकारले बिक्रिकर छुटका लागि गरेको निर्णय बाहेक यस मकवानपुरगढी गाउँपालिकाभित्र भएर बग्ने नदि खोलावाट नदिजन्य पदार्थ संकलन तथा उत्खनन गरे वापत गाउँपालिकाको बिक्रिकर सबैले तिर्नु पर्नेछ । कसैले गाउँपालिकाको बिक्रिकर तिर्न अटेरी गरेमा कानून अनुसारको कारवाही गरिनेछ ।

३१. गाउँपालिकावाट प्रमाणित गरी कर संकलन गरिएका नगदि रसिदहरु ठेकेदारले ३/३ महिनामा गाउँपालिकाको कार्यालयमा जम्मा गर्नु पर्नेछ । उक्त नगदि रसिदसँग नदिजन्य पदार्थको कर संकलन गर्ने ठेकेदारले नदिजन्य पदार्थको उत्खननको परिमाण पनि पेश गर्नुपर्नेछ ।

३२. राष्ट्रिय वन तथा सामुदायिक वन क्षेत्रभित्रवाट नदिजन्य पदार्थ संकलन तथा उत्खनन गर्न पाईने छैन ।

३३. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनको लागि अभिन्न अंगको रुपमा मानिनेछन ।

३४. यस सूचनामा उल्लेख भएका बिषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

३५. ठेकेदारले IEE प्रतिवेदन अनुसारको परिमाण बागमती प्रदेश बाहेक अन्य प्रदेशमा निकासी गर्दा गाउँपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ ।

३६. ठेकेदारले सूचनामा उल्लेखित परिमाण संकलन गर्दा डोजर, एक्साभेटर जस्ता निर्माण सामग्रीहरु प्रयोग गर्नु परेमा गाउँपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ ।

मकवानपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिमफेदी, मकवानपुर
बागमती प्रदेश, नेपाल